धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०८३।०८४
चं.नं. :-

शिक्षकको पदपूर्ति तथा प्रतिक्षा सूची तयारी परीक्षाको स्थगित गरिएको लिखित प्रतियोगितात्मक परीक्षा (विषयगत) को मिति, समय र परीक्षा केन्द्र तोकिएको सूचना !

(प्रकाशित मिति २०८३।०७।१० गते मंगलबार)

यस उपमहानगरपालिका अन्तर्गतको सामुदायिक विद्यालयमा रिक्त भएका र पछि गएर रिक्त हुने शिक्षकको पदपूर्ति तथा प्रतिक्षा सूची तयारी परीक्षाको मिति २०८३।०६।०९ गते स्थगन भएको देहायको विज्ञापनमा आवेदन पेश गर्नुहुने उम्मेदवारहरुको लिखित प्रतियोगितात्मक (विषयगत) परीक्षा देहायको मिति, समय र परीक्षा केन्द्रमा सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८३.१.६।१०

घुम्मन सिं बडायक
शाखा अधिकृत

देहाय:

क्र. सं.	विज्ञापन नं.	पद	विषय	तह	मिति	समय	परीक्षा केन्द्र
१	५।२०८३-०८४	शिक्षक	विज्ञान	माध्यमिक (कक्षा ९-१०)	२०८३।०७।१७	१२:०० बजेदेखि	धनगढी उपमहानगरपालिका, धनगढी, कैलाली

द्रष्टव्य:-

१. परीक्षा भवनमा मोबाइल र क्यालकुलेटर नि:षेध गरिएको छ।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।
३. परीक्षार्थीले अनिवार्य रुपमा आफूसँग भएको प्रवेशपत्र र सक्कल नागरिकताको प्रमाणपत्र लिई परीक्षा शुरु हुनुभन्दा १ घण्टा अगावै परीक्षा केन्द्रमा पुगी आफ्नो परीक्षा केन्द्र र कोठा एकिन गर्नुपर्नेछ।
४. प्रवेश पत्रमा कायम भएको सिम्बोल नम्बरलाई नै रोल नम्बर कायम गरिएकोले उम्मेदवारहरुले सोही बमोजिम परीक्षा केन्द्रमा सोही प्रवेश पत्र लिई आउनुपर्ने छ।

बोधार्थ तथा अवगतार्थ :

श्रीमान् नगर प्रमुखज्यू : जानकारीका लागि सादर अनुरोध।
श्रीमान् नगर उपप्रमुखज्यू : जानकारीका लागि सादर अनुरोध।
श्री सञ्चार तथा सूचना प्रविधि शाखा : सूचना वेबसाइट तथा फेसबुक पेजमा अपलोड गरी सार्वजनिक गरिदिनु हुन।